# राष्ट्रिय मानव अधिकार आयोग

## लुम्बिनी प्रदेश कार्यालय

## बुटवल, रुपन्देही

स्वतः प्रकाशन

**(Proactive Disclosure )**

सूचनाको हक सम्बन्धी ऐन, २०६४

को दफा ५(३) बमोजिम

२०८२ साल कार्तिक,मंसिर र पौष महिनामा सम्पादित कार्यहरुको विवरण


प्रकाशक

राष्ट्रिय मानव अधिकार आयोग

लुम्बिनी प्रदेश कार्यालय

बुटवल , रुपन्देही ।

प्रकाशन गरेको मितिः २०८२ माघ ७ गते

## विषयसूची


१.आयोगको स्वरूप र प्रकृति ........ २

२.आयोगको काम, कर्तव्य र अधिकार ........ २

३. आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण ........ ४

३.१ दरवन्दी र कार्य विवरण ........ ४

३.२ कार्यालयमा रहेका शाखाहरु ........ ५

४. कार्यालयबाट प्रदान गरिने सेवा ........ ६

४.१ सेवा प्रदान गर्ने शाखा र गुनासो सुन्ने अधिकारी जिम्मेवारी ........ ६

४.२ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ ७

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ७

५.१ निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ७

६. कार्यालयबाट सम्पादित कामको विवरण ........ ७

६.१ मानव अधिकार अनुमगन तथा अनुसन्धान ........ ७

६.२ प्रवर्द्धनात्मक कार्यक्रमहरु(सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाको कार्यक्रम गोष्ठी तालीम आदीमा सहभागी) ...... ८

६.३ आयोगबाट संचालन भएका विभिन्न कार्यक्रम वैठक सभा सेमिनार ........ ९

६.४ विशिष्ट व्यक्तिहरुको आयोगमा भ्रमणको विवरण ........ १०

७. लुम्बिनी प्रदेश कार्यालय बुटवललाई विनियोजित भएको कार्यक्रम बजेट तथा खर्च विवरणहरु ........ १०

२०८२ कात्तिक महिनाको खर्चको फाँटवारी। ........ १०

२०८२ मंसिर महिनाको खर्च फाँटवारी । ........ ११

२०८२ पौष महिनाको खर्चको फाँटवारी। ........ १२

१०. मानवअधिकार संरक्षणको विषयमा आयोगमा आएका पीडितहरुलाई आवश्यक परामर्श ........ १३

११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद ........ १३

१२. सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ १३

१३. तोकिए बमोजिमका अन्य विवरण ........ १४

१४. राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयको वेभसाइट इमेल तथा सामाजिक संजालको विवरण ........ १४

अनुसूची ........ १५

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
लुम्बिनी प्रदेश कार्यालय Lumbini Province Office
बुटवल, रूपन्देही Butwal, Rupandehi


### कार्यालय प्रमुखको भनाई

नेपालको संविधानको धारा २७ मा आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था गरिएको छ । सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको सरल र सहज पहुँच बनाउनु यस ऐनको उदेश्य हो ।

राज्यको काम कारवाही लोकतान्त्रिक. विधिसम्मत. खुला. पारदर्शी. नागरिकमैत्री. जवाफदेही र जिम्मेवार हुनुपर्ने सुशासनको अवधारणा अनुरुप कार्य सञ्चालन गर्न राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवल रुपन्देहीबाट आव २०८२/०८३ को दोस्रो त्रैमासिक (कार्तिक, मंसिर र पौष) महिना सम्म यस आयोगमा प्राप्त उजूरी, उजूरीको अनुसन्धान, अनुगमन तथा दैनिक प्रशासनीक गतिविधीहरु समेटी यो स्वत: प्रकाशन(**Proactive Disclosure**) प्रकाशन गरिएको छ ।

यस बाट नागरिकको सूचनाको हकको संरक्षण र संवर्द्धन भई नागरिकहरुले यस कार्यालयबाट प्रवाह हुने सेवावारे सु-सुचित हुने विश्वास लिएको छ । साथै सूचनाको हकको कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय सधै प्रतिवद्ध रहने व्यहोरा जानकारी गराउछु ।

२०८२ माघ ७ गते

सन्तोष आचार्य
सह-सचिव/कार्यालय प्रमुख




फोन नं. ०७१-४१०१७५, ४१०१७६ | पो.ब.नं. : ८३ बुटवल, रूपन्देही
Phone: +977-71-410175/410176 | P.O. Box: 83, Butwal, Rupandehi
Email: nhrcbtl@nhrcnepal.org | Website: lumbini.nhrcnepal.org | Google Plus: MFJ5+W86

## १.आयोगको स्वरूप र प्रकृति

राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम २०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको थियो । नेपालको वर्तमान संविधानको धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी व्यवस्था गरी आयोगलाई संवैधानिक हैसियत प्रदान गरी थप स्वायत्त,सक्षम सशक्त संवैधानिक निकायको रुपमा स्थापित छ। आयोगमा अध्यक्ष १ र अन्य ४ जना सदस्य गरी कुल पाँच जना पदाधिकारी रहने व्यवस्था छ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने र पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले छ वर्ष हुने संवैधानिक व्यवस्था रहेको छ। आयोगका सम्पूर्ण क्रियाकलापहरू मानव अधिकारको संरक्षण र सम्वद्धर्नसँग सम्बन्धित केन्द्रीत हुने हुँदा मानव हित र मानव जातीको भलाईका लागि आयोगले कार्य गर्ने गर्दछ । मानव अधिकारको संरक्षण र सम्वद्धर्नको लागि आयोगले सरकार, राज्यका अन्य अङ्गहरू निकाय तथा नागरिक समाज गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गर्दै मानव अधिकारको संरक्षण एवं सम्बर्द्धन गर्ने गर्दछ ।

## २.आयोगको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा २४९ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार उल्लेख बारे गरिएको छ। यस्तै राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा समेत आयोगका काम, कर्तव्य र अधिकार बारे उल्लेख गरी आयोगको काम, कर्तव्य र अधिकारलाई थप स्पष्ट गरिएको छ। नेपालको संविधानको धारा २४९ मा उल्लेख भएअनुसार आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(१) मानव अधिकारको सम्मान, संरक्षण र संवद्धर्न तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ।

(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्न लागि राष्ट्रिय मानव अधिकार आयोगले देहाय बमोजिमका काम गर्नेछ :—

(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरूत्साहन भएकोमा पीडित आफैं वा निजको तफर्बाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालन गर्न उदासीनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरूद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा त्यसको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालन वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानूनबमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख राख्ने।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछः—

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने,

दसी—प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विनासूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा विनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति दिन आदेश दिने।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि सङ्घीय कानून बमोजिम हुनेछ ।

## ३. आयोगमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण

आयोगको केन्द्रीय कार्यालयका अतिरिक्त ७ वटा प्रदेश कार्यालय, ३ वटा प्रदेश शाखा कार्यालयमा गरी कुल जम्मा ३०९ जना कर्मचारीको दरबन्दी रहको छ। आयोगका ७ वटा प्रदेश कार्यालयहरुमध्ये बुटवल रुपन्देहीमा अवस्थित लुम्विनी प्रदेश कार्यालयमा देहाय बमोजिमको कर्मचारी दरबन्दी तथा पदपूर्तिको अवस्था रहेको छ :

### ३.१ दरवन्दी र कार्य विवरण

| क्र.सं. | श्रेणी/तह पद | जम्मा दरवन्दी | पदपूर्ति सङ्ख्या | रिक्त पद | कार्यविवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अधिकृत प्रथम | १ | १ | - | संविधान र प्रचलित ऐन कानुन बमोजिम मानव अधिकारको संरक्षण र सम्बर्दधनका लागि निर्दिष्ट गरे बमोजिमका कार्य गर्ने.गराउने । | |
| २. | अधिकृत द्वितिय | १ | १ | - | कार्यालय प्रमुखबाट प्राप्त निर्देशन अनरुप कार्य गर्ने गराउने । | के.का. काजमा |
| ३. | अधिकृत तृतीय | ५ | ४ | १ | कार्यालय प्रमुख महाशाखा प्रमुखको आवश्यक निर्देशन र समन्वयमा मानव अधिकार संरक्षण र सम्वर्धनका लागि उजूरी उपर कारवाही चलाउने । | १ जना वेतलवि विदामा रहनुभएको। |
| ४. | अधिकृत तृतीय, लेखा अधिकृत | १ | १ | - | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखाको काम गर्ने । | |
| ५. | सहायक प्रथम | ३ | १ | २ | कार्यालय प्रमुख तथा सम्बन्धित अधिकृतले लाए अन्हाएका कार्य गर्ने । | |
| ६ | श्रेणीविहीन, हलुका सवारी चालक | २ | १ | १ | सवारी साधन चलाउने मर्मत सम्भार र सवारी साधनको संरक्षण गर्ने । | १ जना काजमा यस कार्यालयमा कार्यरत |
| ७ | श्रेणीविहीन, कार्यालय सहयोगी | २ | २ | - | कार्यालयको सरसफाई तथा अन्य आवश्यकता अनुसार कार्य गर्ने । | |
| ८ | श्रेणीविहीन, सुरक्षा गार्ड | ३ | २ | १ | कार्यालय तथा मानव संसाधनको सुरक्षा र सार्वाजनिक सम्पत्तिको सुरक्षा गर्ने। | |
| | जम्मा | १८ | १४ | ५ | | |

आयोगको यस प्रदेश कार्यालयको साङ्गठनिक संरचना: राष्ट्रिय मानव अधिकार आयोगको सबैभन्दा माथिल्लो निकाय ५ जना पदाधिकारी रहेको आयोग हो। जसमा १ अध्यक्ष र ४ सदस्यसहित ५ जना पदाधिकारीहरू रहन्छन्। प्रशासनिक प्रमुखको रुपमा एकजना सचिव रहने ब्यवस्था रहेको छ ।

## ३.२ कार्यालयमा रहेका शाखाहरु

क. उजुरी दर्ता

ख. प्रशासन

ग. लेखा

घ. मानव अधिकार संरक्षण

ङ. मानव अधिकार प्रबर्द्धन

च. मानव अधिकार श्रोत केन्द्र

क. उजुरी दर्ता शाखा

- पीडितको पीडित कुरा सुन्ने र पीडितको उजुरीको बिषयको आधारमा सम्बन्धित फोकल अधिकृत समक्ष पीडितलाई पुऱ्याउने।
- उजुरीको गाम्भिर्यताको आधारमा सम्बन्धित फोकल अधिकृतको सिफारिसमा उजुरी दर्ता गर्ने।
- दैनिक कार्यालयका गतिबिधिहरुको प्रगति प्रतिबेदन केन्द्रीय कार्यालय पठाउने।

ख. प्रशासन शाखा

- दैनिक प्रशासनिक क्रियाकलाप तथा कार्यालय व्यवस्थापन र सरसफाइ
- कार्यालयका कर्मचारीहरुको हाजिरी तथा बिदाको रेकर्ड अद्यावधिक राख्ने।
- कर्मचारीको व्यक्तिगत विवरण राख्ने।
- कार्यालयको जिन्सी तथा अन्य सम्पतिको रेखदेख संरक्षण तथा मर्मत सम्भार गर्ने।
- कार्यालय व्यवस्थापन र सञ्चालनका साथै दैनिक भैपरी आउने अन्य कामहरु।

ग. लेखा शाखा

- आर्थिक कारोवारको लेखा राख्ने तथा आर्थिक कारोबारको मासिक प्रतिवेदन तयार पार्ने।
- बित्तिय अनुशासन कायम गर्ने।

घ. मानव अधिकार संरक्षण

- आयोगमा परेका उजुरी मामिलाको अनुसन्धान तथा छानविन गर्ने।
- आयोगमा आएका पीडित तथा सेवाग्राहीहरुलाई उजुरीको प्रकृति र गांभीऱ्यता हेरी आवश्यक परामर्श दिने।
- मानव अधिकार उल्लंघनको अनुसन्धानका सिलसिलामा आवश्यक पत्राचार, ताकेता पत्राचार गर्ने।
- कार्यक्षेत्र भित्रका जिल्लाहरुमा बिभिन्न मानव अधिकारका विषयमा आवधिक अनुगमन।
- आयोगमा परेका उजुरीहरुको अनुसन्धान सम्पन्न गरी प्रतिवेदन पेश गरी निर्णयका लागि आयोगमा पेश गर्ने।
- उजुरी, कारवाही सम्बन्धी अन्य कार्यहरु।

ङ. मानव अधिकार प्रवर्द्धन

- मानवअधिकार शिक्षा, तालिम/गोष्ठी, प्रशिक्षण,
- मानव अधिकार चेतनामूलक कार्यक्रम
- मानव अधिकार वकालत
- मानव अधिकार सामग्री निर्माण तथा वितरण

- मानव अधिकार संस्थाहरुसँग समन्वय सहकार्य

च. मानव अधिकार श्रोत केन्द्र

- मानव अधिकार सम्बन्धि प्रकाशनहरु वितरण

## ४. कार्यालयबाट प्रदान गरिने सेवा

- मानव अधिकारको उल्लंघनका सम्बन्धमा उजुरी लिने, अनुसन्धान गर्ने, दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्ने,
- मानव अधिकार अवस्थाको अनुगमन गर्ने र अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरु बारे नेपाल सरकारलाई सिफारिस गर्ने,
- तालिम, गोष्ठी, अन्तरक्रियाका माध्यमबाट मानव अधिकार शिक्षा प्रबर्द्धन गर्ने,
- नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरुको कार्यान्वयनको अवस्थाको अनुगमन गरी प्रभावकारी कार्यान्वयका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,
- मानव अधिकार सम्बन्धी अन्य कार्यहरु गर्ने।

## ४.१ सेवा प्रदान गर्ने शाखा र गुनासो सुन्ने अधिकारी जिम्मेवारी

| क्र स | विषयगत जिम्मेवारी | जिम्मेवार अधिकृत | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| १ | दैनिक प्रशासन तथा उजुरी ग्रहण गर्ने अधिकारी | मा. अ. अधिकृत अजित कुमार ठाकुर | कार्यालय प्रमुख | |
| २ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत श्री सागर पोखरेल | कार्यालय प्रमुख | |
| ३ | भण्डार शाखा | सूचना प्रविधि सहायक श्री अर्जुन खनाल | कार्यालय प्रमुख | |
| **मानव अधिकार संरक्षण तथा प्रवर्द्धन शाखा** | | | | |
| ४ | ICCPR (न्याय प्रशासन बाहेक), CRPD, ICMW, ILO Conventions,Human Trafficking, Development Rights, Other Contemporary HR. Issues | मा. अ. अधिकृत श्री अजित कुमार ठाकुर | कार्यालय प्रमुख | |
| ५ | CRC,CAT,EnvironmentRights, LGBTIQA+ Rights | मा. अ. अधिकृत श्री प्रिथु खतिवडा | कार्यालय प्रमुख | |
| ६ | ICCPR(न्याय प्रशासन), ICESCR, (Consumers' Rights) | मा. अ. अधिकृत श्री आशिष श्रेष्ठ | कार्यालय प्रमुख | |
| ७ | ICPPED,CEDAW, Education rights, Health Rights,Senior Citizens Rights, indigenous people rights, जातिय भेदभाव | मा. अ. अधिकृत श्री सुप्रिना चौधरी | कार्यालय प्रमुख | |

### ४.२ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- १० पेजसम्मको सूचना निशुल्क प्राप्त हुने तर सुचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ८ तथा सुचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ को (क) बमोजिम सामान्य आकार (८.३ इन्चको लम्बाई भएको ) लागि रु ५।- नियम ४ ख ( नियम ४ क भन्दा ठुलो) बमोजिमको आकारलाई रु १०। नियम ४ ग बमोजिमको ( नियम ४ डिस्केट सिडी प्रति एकको ) सूचनालाई रु ५०। र नियम ४ को घ बमोजिमको सुचनालाई (अवलोकन भ्रमण प्रति व्यक्ति प्रति घण्टा) रु ५०।
- तोकिएको अवस्थामा बाहेक आयोगका अन्य सेवामा सामान्यतया: छुट्टै दस्तुर नलाग्ने।
- आयोगका प्रकाशनहरु निःशूल्क प्राप्त हुने ।
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृतिअनुसार फरक फरक हुने।
- पीडित पक्षको स्वीकृति/सहमति विना पीडितसँग सम्बन्धित कागजात, सूचना उपलब्ध गराउन नसकिने ।

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- आयोगमा परेका उजुरीका सम्बन्धमा अनुसन्धान सम्पन्न भए पश्चात् आयोगबाट निर्णय हुने।
- नेपाल सरकारलाई गरिने सिफारिसहरुमा आयोगले निर्णय गर्ने ।
- सामन्यत: नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयहरुमा कार्यालय प्रमुखबाट निर्णय हुने ।
- अन्यमा कामको प्रकृति अनुसार निर्णय प्रक्रिया फरक फरक हुने,
- निर्णय गर्ने अधिकारी पनि कार्य प्रकृति अनुसार फरक फरक हुन सक्ने ।

### ५.१ निर्णय उपर उजुरी सुन्ने अधिकारी

- नीतिगत तहमा आयोगका अध्यक्ष : श्री तप बहादुर मगर ।
- प्रशासनिक तहमा आयोगका प्रदेश कार्यालय प्रमुख/सहसचिव : श्री सन्तोष आचार्य।

## ६. कार्यालयबाट सम्पादित कामको विवरण

**प्रतिवेदन अवधिभर (२०८२ कात्तिक १ गते देखि २०८२ पौष मसान्तसम्म) मानव अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी विवरण:**

### ६.१ मानव अधिकार अनुमगन तथा अनुसन्धान

| क.स. | जिल्ला | अनुगमनको विषय | अनुमगन मिति | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १ | अर्घाखाँची | राष्ट्रिय मानव अधिकार आयोगमा प्राप्त उजूरीको अनुसन्धान | २०८२/०७ /१६ देखि | मा.अ.अ. अजित कुमार ठाकुर |

| | | | | |
|---|---|---|---|---|
| | | | २०८२/०७ /२३ | मा.अ.अ. प्रिथु खतिवडा<br>सूचना प्रविधि सहायक अर्जुन खनाल<br>सवारी चालक राजेश सरदार |
| २ | पाल्पा<br>गुल्मी<br>रुपन्देही<br>कपिलवस्तु<br>नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | जेनजी प्रदर्शन पश्चात हिरासतमा रहेका जेनजी समूहका व्यक्तिहरुको मानव अधिकार अवस्था अनुगमन | २०८२।०८।०७ देखि ११ गते | मा.अ.अ. अजित कुमार ठाकुर<br>मा.अ.अ. आशिष श्रेष्ठ<br>कार्यालय सहयोगी टिकाराम पन्थी<br>सवारी चालक घनश्याम थारु |
| ३ | रुपन्देही, | इशान शर्माको मृत्यु भएको भनिएको सम्बन्धमा अनुसन्धान | २०८२ पौष १३ | मा.अ.अ. प्रिथु खतिवडा<br>मा.अ.अ आशिष श्रेष्ठ<br>सूचना प्रविधी सहायक अर्जुन खनाल<br>सवारी चालक श्री घनश्याम थारु |
| ४ | दाङ | अभिव्यक्ति स्वतन्त्रताको लुम्बिनी प्रदेशको अवस्थाको सम्बन्धमा अनुगमन | २०८२ पौष १४ गते | कार्यालय प्रमुख सन्तोष आचार्य<br>मा.अ.अ. आशिष श्रेष्ठ<br>कास टिकाराम पन्थी |
| ५ | गुल्मी र रुपन्देही | उजूरी अनुसन्धान | २०८२ पौष १६ देखि पौष २२ गते सम्म | मा.अ.अ. प्रिथु खतिवडा<br>मा.अ.अ. आशिष श्रेष्ठ<br>सवारी चालक श्री राजेश सरदार |

## ६.२ प्रवर्द्धनात्मक कार्यक्रमहरु(सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाको कार्यक्रम गोष्ठी तालीम आदीमा सहभागी)

| **क.स.** | **कार्यक्रमको नाम** | **संस्थाको नाम** | **आयोगको तर्फबाट सहभागिता** | **मिति** |
|---|---|---|---|---|
| १ | यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक, अधिकार, सशक्तीकरण र जनचेतना अभिवृद्धि सम्बन्धी सरोकारवालासँगको अन्तर्क्रिया कार्यक्रम। | Mono Supporting Maple Group (MSMG) एक्लोलाई साहारा दिने बृक्ष समुह | मा.अ.अ. श्री प्रिथु खतिवडा<br>सूचना प्रविधि सहायक श्री अर्जुन खनाल | २०८२ कार्तिक १३ गते। |
| २ | PRC को आ.व. ०८१/०८२ को सामाजिक लेखापरिक्षण | PRC | मा.अ.अ. श्री अजित कुमार ठाकुर | २०८२ कार्तिक २६ गते |
| ३ | मानव अधिकारको अवस्था विषयको अन्तरक्रिय तथा छलफल | जिल्ला समन्वय समिति दाङ | सह सचिव सन्तोष आचार्य | २०८२ कात्तिक २६ गते |
| ४ | मानव अधिकार सचेतना | जिल्ला प्रहरी कार्यालय पाल्पा र मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय रुपन्देही | मा.अ.अ. अजित कुमार ठाकुर<br>मा.अ.अ. आशिष श्रेष्ठ | २०८२।०८।०७ |
| ५ | मानव बेचबिखन पीडित/प्रभावित र श्रमजीवि महिलाहरु रेष्टुरेन्ट तथा डान्सवारमा हुने यौन उत्पिडन नियन्त्र समन्बन्धी सरोकारवालाहरु बिच अन्तरक्रिया कार्यक्रम | शुभ अवसर ग्राम रुपन्देही | मानव अधिकार अधिकृत आशिष श्रेष्ठ<br>सवारी चालक राजेश सरदार | २०८२।०८।१४ |
| ६ | ३४औं लैङ्गिक हिंसा विरुद्धको दिवस अन्तरगत १६ दिने अभियान महिला तथा | फेडो रुपन्देही | मानव अधिकार अधिकृत श्री अजित कुमार ठाकुर | २०८२ मंसिर २१ गते। |

| | | | | |
|---|---|---|---|---|
| | बालबालिकाहरुको सवालमा सरोकारवालाहरुसंग अन्तरक्रिया | | | |
| ७ | मानव अधिकार र स्वतन्त्र निर्वाचनबारे अन्तरपुस्ता संवाद कार्यक्रम । | गैसस महासंघ लुम्बिनी प्रदेश समिति | सह-सचिव सन्तोष आचार्य प्रमुख अतिथिको रुपमा सहभागी | २०८२।०८।२३ होटल मेरिगोल्ड बुटवल |
| ८ | भ्रष्टाचार विरुद्धको प्रर्दशनी । | मानव अधिकार तथा शान्ति समाज रुपन्देही | सहसचिव सन्तोष आचार्य | २०८२।०८।२३ |
| ९ | भ्रष्टाचार विरुद्धको दिवसका सन्दर्भमा अन्तरक्रिया कार्यक्रम । | पारदर्शी समूह नेपाल | सहसचिव सन्तोष आचार्य | २०८२।०८।२३ |
| १० | भाद्र २३ र २४ को आन्दोलनका दोषीलाई कारवाही सम्बन्धमा छलफल कार्यक्रम । | मानव अधिकार तथा शान्ति समाज रुपन्देही | सहसचिव सन्तोष आचार्य | २०८२।०८।२४ |
| ११ | कानूनको शासन, सुशासन र अन्तर्पुस्ता न्याय कायम विषयक अन्तक्रिया कार्यक्रम प्रदेश सभाका सभामुख तुलाराम घर्ति मगरज्यूको प्रमुख आतिथ्यतामा । | १७ मानव अधिकार महाभेला मानव अधिकारका लागि महिला एकल महिला समूहको लुम्बिनी प्रदेश समिति र आयोगको सहकार्यमा । | लुम्बिनी सह-सचिव सन्तोष आचार्य, मा.अ.अ. अजित कुमार ठाकुर, मा.अ.अ. आशिष श्रेष्ठ का.स.टिकाराम पन्थी सवारी चालक राजेश सरदार | २०८२।०८।२५ होटल नान्स भैरहवा |
| १२ | नेपाल मानव अधिकार वर्ष पुस्तक २०२६ प्रकाशन पूर्व समिक्षा कार्यक्रम | इन्सेक रुपन्देही | माअअ आशिष श्रेष्ठ कास टिकाराम पन्थी | २०८२।०८।२९ |
| १३ | वालवालिका वेचविखन सम्बन्धि प्रारम्भिक प्रतिवेदन उपर छलफल कार्यक्रम | शक्ति समूह | सहसचिव सन्तोष आचार्य | मिति २०८२।०९।०३ |
| १४ | माहुरी होमको वार्षिक साधारण सभा | मधेस मानव अधिकार गृह | सहसचिव सन्तोष आचार्य | २०८२।०९।२१ |
| १५ | चैतन्य एकेडेमीको विभिन्न प्रथम वार्षिक उत्सवको अवसरमा आयोजित रक्तदान तथा अन्तर्क्रिया कार्यक्रममा सहभागी | चैतन्य एकेडेमी बुटवल | सहसचिव सन्तोष आचार्य | २०८२/०९/२३ र २०८२/०९/२४ |

## ६.३ आयोगबाट संचालन भएका विभिन्न कार्यक्रम वैठक सभा सेमिनार

| क.स. | बैठक/कार्यक्रम | सहभागीको नाम तथा कार्यालय | कार्यक्रमको अवधि | खर्चको श्रोत | उपलब्धी | कै |
|---|---|---|---|---|---|---|
| १ | ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने तयारी छलफल कार्यक्रम गैर सरकारी संस्था संग तयारी बैठक | गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु | २०८२।०८।०५ गते कार्यालय बैठक कक्षमा | आयोग | ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने कार्यालयमा प्राङ्गणमा भव्य रुपमा मनाउने | |
| २ | राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवल र ह्युमन राइट्स एण्ड जस्टिस सेन्टरले आयोजना गरेको यातना, गैर कानूनी थुना, गैरन्यायिक हत्या तथा बलपूर्वक बेपत्ता पारिएका जस्ता गम्भीर मानव अधिकार उल्लङ्घन सम्बन्धी सरोकारका विषयमा पीडितहरूसँग अन्तरक्रिया कार्यक्रम। | आयोगका कर्मचारीहरु तथा द्वन्द्व पीडित व्यक्तिहरु | २०८२ मंसिर १० | ह्युमन राइट्स एण्ड जस्टिस सेन्टर | | |
| ३ | मिलीजुली टोल विकास समितिका सदस्यहरूसँग परिचय, आपसी सहकार्य तथा ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउने सन्दर्भमा तयारी बैठक । | मिलीजुली टोल विकास समितिका सदस्यहरू र आयोगको कर्मचारी | २०८२ मंसिर १५ | आयोग | ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउन सहकार्य गर्ने । | |
| ४ | मानव अधिकार पर्यवेक्षण, अभिलेखन तथा मानव अधिकारकर्मीहरुको सूरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तालिम | सहसचिव सन्तोष आचार्य र मानव | मिति २०८२ मंसिर २७ गते देखि ऐ. | मधेश मानव अधिका र गृह | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अधिकार अधिकृत अजित कुमार ठाकुर | २९ गतेसम्म | (माहुरी -होम) कपिल स्तु र आयोग | | |
| ५ | शान्ति पुनर्स्थापन गृह बेलहिया रुपन्देहीको कार्यालय अनुगमन | सह-सचिव सन्तोष आचार्य | २०८२।०८।२२ | आयोग | | |
| ६ | ७७ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस तथा प्रभात फेरी कार्यक्रम कार्यालय प्राङ्गणमा लुम्बिनी प्रदेश प्रमुख श्री कृष्ण बहादुर घर्ति मगरज्यूको प्रमुख आतिथ्यतामा | नगर प्रमुख उपप्रमुख लगायतका सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि। | मिति २०८२।०८।२४ गते तदअनुसार १० डिसेम्बर, २०२५ | आयोग | | |

## ६.४ विशिष्ट व्यक्तिहरुको आयोगमा भ्रमणको विवरण

| क्र.स. | भ्रमण गरेको मिति | भ्रमण गर्ने व्यक्तिको नाम | आवद्धता | कैफियत |
|---|---|---|---|---|
| १ | २०८२ मंसिर २४ गते | माननीय कृष्ण बहादुर घर्ति मगर | लुम्बिनी प्रदेश प्रमुख | |
| | | | | |

## ७. लुम्बिनी प्रदेश कार्यालय बुटवललाई विनियोजित भएको कार्यक्रम बजेट तथा खर्च विवरणहरु

## २०८२ कात्तिक महिनाको खर्चको फाँटवारी।

म.ले.प. फाराम नं:२१०

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय रुपन्देही

कार्यालय कोड नं : २१४००४८०१

**खर्चको फाँटवारी**

आर्थिक वर्ष: २०८२/८३

महिना: कात्तिक

बजेट उपशीर्षक नम्बर: २१४०००११३

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 21111 पारिश्रमिक कर्मचारी | | | | | १०,९४१,०००.०० | २,६२७,७६८.०८ | २,०९७,३१२.३८ | ५३०,४५५.७० | २,६२७,७६८.०८ | ०.०० | २,६२७,७६८.०८ | ८,३१३,२३१.९२ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,९४१,०००.०० | २,६२७,७६८.०८ | २,०९७,३१२.३८ | ५३०,४५५.७० | २,६२७,७६८.०८ | ०.०० | २,६२७,७६८.०८ | ८,३१३,२३१.९२ |
| 21121 पोशाक | | | | | १८०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १८०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १८०,०००.०० |
| 21132 महँगी भत्ता | | | | | ४३२,०००.०० | २५५,०००.०० | १९५,०००.०० | ६०,०००.०० | २५५,०००.०० | ०.०० | २५५,०००.०० | १७७,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४३२,०००.०० | २५५,०००.०० | १९५,०००.०० | ६०,०००.०० | २५५,०००.०० | ०.०० | २५५,०००.०० | १७७,०००.०० |
| 21134 कर्मचारीको बैठक भत्ता | | | | | ४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ४०,०००.०० |
| 21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | | | | | १६५,०००.०० | २५,३९४.२४ | १८,९६७.२६ | ६,४२६.९८ | २५,३९४.२४ | ०.०० | २५,३९४.२४ | १३९,६०५.७६ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १६५,०००.०० | २५,३९४.२४ | १८,९६७.२६ | ६,४२६.९८ | २५,३९४.२४ | ०.०० | २५,३९४.२४ | १३९,६०५.७६ |
| 21213 योगदानमा आधारित बीमा कोष खर्च | | | | | ८७,०००.०० | २०,४००.०० | १५,६००.०० | ४,८००.०० | २०,४००.०० | ०.०० | २०,४००.०० | ६६,६००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८७,०००.०० | २०,४००.०० | १५,६००.०० | ४,८००.०० | २०,४००.०० | ०.०० | २०,४००.०० | ६६,६००.०० |
| 22111 पानी तथा बिजुली | | | | | १९८,०००.०० | ४२,७२८.०० | ३०,०००.०० | १२,७२८.०० | ४२,७२८.०० | ०.०० | ४२,७२८.०० | १५५,२७२.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १९८,०००.०० | ४२,७२८.०० | ३०,०००.०० | १२,७२८.०० | ४२,७२८.०० | ०.०० | ४२,७२८.०० | १५५,२७२.०० |
| 22112 संचार महसुल | | | | | १८६,०००.०० | २१,८९०.०० | २१,८९०.०० | ०.०० | २१,८९०.०० | ०.०० | २१,८९०.०० | १६४,११०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८६,०००.०० | २१,८९०.०० | २१,८९०.०० | ०.०० | २१,८९०.०० | ०.०० | २१,८९०.०० | १६४,११०.०० |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ५०२,०००.०० | १२१,१४८.६५ | ७५,८००.६९ | ४५,३४७.९६ | १२१,१४८.६५ | ०.०० | १२१,१४८.६५ | ३८०,८५१.३५ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५०२,०००.०० | १२१,१४८.६५ | ७५,८००.६९ | ४५,३४७.९६ | १२१,१४८.६५ | ०.०० | १२१,१४८.६५ | ३८०,८५१.३५ |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | ३५०,०००.०० | १८५,७९५.२५ | १८५,३४५.२५ | ४५०.०० | १८५,७९५.२५ | ०.०० | १८५,७९५.२५ | १६४,२०४.७५ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३५०,०००.०० | १८५,७९५.२५ | १८५,३४५.२५ | ४५०.०० | १८५,७९५.२५ | ०.०० | १८५,७९५.२५ | १६४,२०४.७५ |
| 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | ५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ५०,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०,०००.०० |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ४००,०००.०० | ५५,७८६.४१ | ७५,२८३.४० | -१९,४९६.९९ | ५५,७८६.४१ | ०.०० | ५५,७८६.४१ | ३४४,२१३.५९ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | ५५,७८६.४१ | ७५,२८३.४० | -१९,४९६.९९ | ५५,७८६.४१ | ०.०० | ५५,७८६.४१ | ३४४,२१३.५९ |

Printed By: sagar491

Printed Date: Jan 21, 2026 12:00 PM

Page 1 / 2

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | २६,०००.०० | ३,७६९.०० | ३,८२०.०० | ३,७६९.०० | ७,५८९.०० | ०.०० | ७,५८९.०० | १८,४११.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २६,०००.०० | ३,७६९.०० | ३,८२०.०० | ३,७६९.०० | ७,५८९.०० | ०.०० | ७,५८९.०० | १८,४११.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १२८,०००.०० | १९,९४९.०० | ६,५००.०० | १३,४४९.०० | १९,९४९.०० | ०.०० | १९,९४९.०० | १०८,०५१.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १२८,०००.०० | १९,९४९.०० | ६,५००.०० | १३,४४९.०० | १९,९४९.०० | ०.०० | १९,९४९.०० | १०८,०५१.०० |
| 22413 करार सेवा शुल्क | | | | | ६०,०००.०० | ३०,०००.०० | २५,०००.०० | ५,०००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ३०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ६०,०००.०० | ३०,०००.०० | २५,०००.०० | ५,०००.०० | ३०,०००.०० | ०.०० | ३०,०००.०० | ३०,०००.०० |
| 22522 कार्यक्रम खर्च | | | | | ९००,०००.०० | १५१,०५५.४९ | ११२,०३६.४९ | ३९,०१९.०० | १५१,०५५.४९ | ०.०० | १५१,०५५.४९ | ७४८,९४४.५१ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ९००,०००.०० | १५१,०५५.४९ | ११२,०३६.४९ | ३९,०१९.०० | १५१,०५५.४९ | ०.०० | १५१,०५५.४९ | ७४८,९४४.५१ |
| 22529 विविध कार्यक्रम खर्च | | | | | १००,०००.०० | ४९,९२५.०० | ०.०० | ४९,९२५.०० | ४९,९२५.०० | ०.०० | ४९,९२५.०० | ५०,०७५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ४९,९२५.०० | ०.०० | ४९,९२५.०० | ४९,९२५.०० | ०.०० | ४९,९२५.०० | ५०,०७५.०० |
| 22612 भ्रमण खर्च | | | | | ८४,०००.०० | ६०,४२८.२९ | ६०,४२८.२९ | ०.०० | ६०,४२८.२९ | ०.०० | ६०,४२८.२९ | २३,५७१.७१ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८४,०००.०० | ६०,४२८.२९ | ६०,४२८.२९ | ०.०० | ६०,४२८.२९ | ०.०० | ६०,४२८.२९ | २३,५७१.७१ |
| 22711 विविध खर्च | | | | | १२६,०००.०० | ६६,९७५.०० | ६६,९७५.०० | ०.०० | ६६,९७५.०० | ०.०० | ६६,९७५.०० | ५९,०२५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १२६,०००.०० | ६६,९७५.०० | ६६,९७५.०० | ०.०० | ६६,९७५.०० | ०.०० | ६६,९७५.०० | ५९,०२५.०० |
| 28142 घर भाडा | | | | | १,१२२,०००.०० | ५६१,०००.०० | ४६७,५००.०० | ९३,५००.०० | ५६१,०००.०० | ०.०० | ५६१,०००.०० | ५६१,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १,१२२,०००.०० | ५६१,०००.०० | ४६७,५००.०० | ९३,५००.०० | ५६१,०००.०० | ०.०० | ५६१,०००.०० | ५६१,०००.०० |
| जम्मा | | | | | १६,०७७,०००.०० | ५,६८७,१९९.२४ | ५,७४६,६७७.०९ | ९८८,१४९.७९ | ५,७३४,८२६.८८ | ०.०० | ५,७३४,८२६.८८ | १०,३४२,१७३.१२ |

स्रोतगत जम्मा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | १६,०७७,०००.०० | ५,६८७,१९९.२४ | ५,७४६,६७७.०९ | ९८८,१४९.७९ | ५,७३४,८२६.८८ | ०.०० | ५,७३४,८२६.८८ | १०,३४२,१७३.१२ |
| 01-नगद | १६,०७७,०००.०० | ५,६८७,१९९.२४ | ५,७४६,६७७.०९ | ९८८,१४९.७९ | ५,७३४,८२६.८८ | ०.०० | ५,७३४,८२६.८८ | १०,३४२,१७३.१२ |
| जम्मा | १६,०७७,०००.०० | ५,६८७,१९९.२४ | ५,७४६,६७७.०९ | ९८८,१४९.७९ | ५,७३४,८२६.८८ | ०.०० | ५,७३४,८२६.८८ | १०,३४२,१७३.१२ |

तयार गर्ने :
नाम: सागर पोखरेल
पद : लेखा अधिकृत
(आर्थिक प्रशासन प्रमुख)
मिति : २०८२/१०/६

पेस गर्ने :
नाम: सागर पोखरेल
पद : लेखा अधिकृत
(आर्थिक प्रशासन प्रमुख)
मिति : २०८२/१०/६

प्रमाणित गर्ने :
नाम : सन्तोष आचार्य
पद: सहसचिव
(कार्यालय प्रमुख)
मिति: २०८२/१०/६

Printed By: sagar491

Printed Date: Jan 21, 2026 12:02 PM

Page 2 / 2

## १०. मानवअधिकार संरक्षणको विषयमा आयोगमा आएका पीडितहरुलाई आवश्यक परामर्श

मानव अधिकार संरक्षणको विषयमा आयोगमा आएका पीडितहरुलाई आवश्यक परामर्श प्रदान गरेको संख्या : २०८२ कात्तिक देखि २०८२ पौष सम्ममा जम्मा ४ जना । उजूरी दर्ता ७ वटा (सामान्य)रहेको।

## ११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

श्री सन्तोष आचार्य : कार्यालय प्रमुख, सहसचिव

मोबाइल नं (कार्यालय )९८५७०४४५५१

इमेलः santosh.acharya@nhrcnepal.org

श्री आशिष श्रेष्ठ : सूचना अधिकारी, मानव अधिकार अधिकृत

मोबाइल नं (कार्यालय) ९८५७०७९१७५

इमेलः ashish.shrestha@nhrcnepal.org

## १२. सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- नेपालको संविधानको भाग २५
- राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८
- राष्ट्रिय मानव अधिकार आयोग (उजुरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९
- राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीहरुको सेवा, सर्त र सुविधा सम्बन्धी नियमावली, २०७२(छैटौं संसोधन सहित)
- राष्ट्रिय मानव अधिकार आयोगको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०७१
- राष्ट्रिय मानव अधिकार आयोगको सूचना तथा सञ्चार नीति, २०७१
- लैङ्गिक समानता तथा समाजिक समावेशीकरण नीति,२०७७
- छैटौं रणनीतिक योजना २०२१-२०२६
- राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरूबिच समन्वय र सहकार्यको रणनीतिक ढाँचा, २०७९
- अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ (पहिलो संशोधन)
- राष्ट्रिय मानव अधिकार आयोगको सचिव सिफारिस सम्बन्धी कार्यविधि, २०७९ (पहिलो संशोधन)
- उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९
- मानव अधिकार उल्लंघन सम्बन्धी राष्ट्रिय जाँचबुझ (National Inquiry) निर्देशिका, २०७३
- मानव अधिकार रक्षकहरू सम्बन्धी मार्ग-निर्देशिका, २०६९
- शवोत्खनन् मार्ग-निर्देशिका, २०६९
- कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७
- मानव अधिकार अभिलेख केन्द्र संचालन कार्यविधि, २०८०
- अन्य विभिन्न नीति र निर्देशिकाहरु

## १३. तोकिए बमोजिमका अन्य विवरण

यस अवधिमा सूचना माग गरी निवेदन नपरेको।

## १४. राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयको वेभसाइट इमेल तथा सामाजिक संजालको विवरण

वेभसाइटः https://www.lumbini.nhrcnepal.org

केन्द्रीय कार्यालयःhttps://www.nhrcnepal.org

ईमेलः nhrcbtl@nhrcnepal.org

केन्द्रीय कार्यालयः nhrc@nhrcnepal.org

फेसबुकः www.facebook.com/nhrcbutwal
www.facebook.com/nhrclumbini

.......................

आशिष श्रेष्ठ
सूचना अधिकारी/मानव अधिकार अधिकृत

## अनुसूची





७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मनाउनका लागि विभिन्न संघ संस्थाहरु सँग भएको तयारी छलफल बैठक |

मिति २०८२ मंसीर ५ गते शुक्रवार





मिति २०८२ मंसिर १० गते राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवल र ह्युमन राइट्स एण्ड जस्टिस सेन्टरले आयोजना गरेको यातना, गैर कानूनी थुना, गैरन्यायिक हत्या तथा बलपूर्वक बेपत्ता पारिएका जस्ता गम्भीर मानव अधिकार उल्लङ्घन सम्बन्धी सरोकारका विषयमा पीडितहरूसँग अन्तरक्रिया कार्यक्रम।







राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय बुटवलले मिलीजुली टोल विकास समितिका सदस्यहरूसँग यस कार्यालय क्षेत्रमा रहेका स्थानीय समुदायसँग परिचय, आपसी सहकार्य तथा ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस मिति २०८२ मंसिर २४ गते मनाउनका लागि गरिएको तयारी छलफल बैठक।मिति २०८२ मंसिर १५










"Human Rights, Our Everyday Essentials" (मानव अधिकार, हामी सबैको अपरिहार्य आधार) मूल नाराका साथ ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका शुभअवसरमा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव सन्तोष आचार्यको अध्यक्षता तथा लुम्बिनी प्रदेश प्रमुखको प्रमुख आतिथ्यतामा शुभकामना कार्यक्रमहरु सहित भव्यताका साथ मनाइयो। सो कार्यक्रममा माननीय प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगर, जिल्ला समन्वय समितिका प्रमुख उमाकान्त चपाई, बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डे, बुटवल उपमहानगरपालिका उपप्रमुख सावित्रा देवी अर्याल, सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख श्री उमा अधिकारी, प्रमुख जिल्ला अधिकारी श्री माधव प्रसाद पोखरेल, उच्च सरकारी वकिल कार्यालय बुटवलका कार्यालय प्रमुख सहन्यायाधिवक्ता श्री सन्देश श्रेष्ठ, तुलसीपुर उच्च अदालत इजलास बुटवलका कार्यालय प्रमुख रजिष्ट्रार श्री अमित उप्रेती, इलाका प्रशासन कार्यालयका कार्यालय प्रमुख श्री श्रीनाथ पौडेल, प्रमुख कोष नियन्त्रक मन्जु कुमारी जैसी ढकाल, प्रहरी उपरीक्षक श्री प्रदीप बहादुर क्षेत्री, शसस्त्र प्रहरी उपरीक्षक, विभिन्न सरकारी कार्यालयका प्रमुखहरु बुटवल बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख डा. अरुण कुमार क्षत्री, तुलसीपुर उच्च अदालत इजलास बुटवल वारका अध्यक्ष अधिवक्ता श्री गोविन्द मरासिनी, बुटवल उपमहानगरपालिका वडा नं ११ का वडाअध्यक्ष श्री रामचन्द्र क्षेत्री, UNFPA बुटवलका प्रमुख श्री राम थापा, गैरसरकारी संस्था महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री जितकुमारी वेल्वासे, संयोजक म्याग्नामिट आयोजन समिति श्री अरुणा श्रेष्ठ (मानव अधिकारका लागि महिला एकल महिला समूह) लगायत संचारकार्मीहरु, ज्येष्ठ नागरिक अगुवाहरु, टोलविकास समितिका प्रतिनिधिहरु, मानव अधिकारकर्मीहरुको सहभागिता रहेको थियो। कार्यक्रम समापन पश्चात कार्यालय प्राङ्गणबाट माननीय प्रदेश प्रमुख सहितका अतिथिहरु सहित वृहत प्रभातफेरि







मानव अधिकार, हामी सबैको अपरिहार्य आधार नाराका साथ मनाइदै गरिएको ७७औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भ पारी मानव अधिकारको लागि महिला एकल महिला समूह लुम्बिनी प्रदेश नेपालले मिति २०८२ मंसिर २५ गतेका दिन सिद्धार्थनगर नगरपालिकाका "कानुनको शासन सुशासन र अन्तरपुस्ता न्याय" विषयक अन्तरक्रिया लुम्बिनी प्रदेश सभाका सभामुख माननीय तुलाराम घर्ति मगरको प्रमुख आतिथ्तामा भएको कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालयका कार्यालय प्रमुख सहसचिव सन्तोष आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने सो कार्यपत्रमा सिद्धार्थनगरका प्रमुख इस्तियाक अहमद खाँ लगायत अन्य सहभागीहरुले टिप्पणी गर्नुभएको थियो।







मधेश मानव अधिकार गृह (माहुरी-होम) ले लुम्बिनी प्रदेशका १२ जिल्लाका ३६ जना युवा मानव अधिकारकर्मीहरुका लागि मिति २०८२ मंसिर २७ गते देखि ऐ. २९ गतेसम्म अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं ३ भालुवाङ्गमा तीन दिवसीय मानव अधिकार पर्यवेक्षण, अभिलेखन तथा मानव अधिकारकर्मीहरुको सूरक्षा सम्बन्धी क्षमता अभिवृद्धि तालिममा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेशका कार्यालय प्रमुख सहसचिव सन्तोष आचार्य र मानव अधिकार अधिकृत अजित कुमार ठाकुरले सहजीकरण गर्नुभएको थियो।







अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र लुम्बिनी प्रदेश स्तरीय कार्यसमूहको बैठक आयोगको लुम्बिनी प्रदेश कार्यालयका कार्यालय प्रमुख/सह-सचिव श्री सन्तोष आचार्यको संयोजकत्वमा मिति २०८२ पौष १४ गते राप्ती उपत्यका देउखुरी दाङमा बसेको छ। उक्त बैठकले अभिव्यक्ति स्वतन्त्रताको लुम्बिनी प्रदेशको अवस्थाका सम्बन्धमा समीक्षाका साथै लुम्बिनी प्रदेशको सबै जिल्लामा द्रुत उद्धार टोली गठनका लागि आवश्यक सहजिकरण गर्ने निर्णय गरेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री माननीय श्री चेतनारायण आचार्य, प्रमुख सचिव कृष्ण प्रसाद काप्री र यस कार्यालयका प्रमुख श्री सन्तोष आचार्य बिच भेटवार्ता भई आयोगको कामकारबाहीका सम्बन्धमा छलफल भएको थियो। उक्त भेटमा लुम्बिनी प्रदेश कार्यालयको वार्षिक गतिविधि लगायतका प्रकाशन समेत कार्यालय प्रमुखले हस्तान्तरण गर्नुभएको थियो।

